# इन्द्रेणी इ-बुलेटिन

समाज परिवर्तनको संवाहक


इ-बुलेटिन मासिक | अंक १६ | वर्ष २ | महिनाः मंसिर २०७३


**संरक्षक**
रुद्र मस्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नबराज शर्मा
गोपाल खराल
निर्मला दर्नाल

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५५२००९१
इमेलः iskpalpa@yahoo.com
वेवसाइटः www.isknepal.org.np
फेसवुकः www.facebook.com/Indreni-Samaj-Kendra-ISK-

ISK Nepal on social awareness from 1996

## समाचार संक्षेप-:

- स्वावलम्बन महिला समूहको प्रथम साधारण सभा भव्यताका साथ सम्पन्न ।
- पाल्पामा विभिन्न कार्यक्रमका साथ महिला हिंसा विरुद्धको १६ दिने अभियान सुरु ।
- खसीबोका बजारीकरण कार्यशाला मित्याल र गल्धामा सम्पन्न ।
- पाल्पामा विश्व एड्स दिवस मनाउने तयारी हुँदै ।




## इन्द्रेणी समाज केन्द्र, नेपालको २२औं बार्षिक साधारण सभा सम्पन्न

इन्द्रेणी समाज केन्द्र, नेपालको २२औं बार्षिक साधारण सभा संस्थाको केन्द्रिय कार्यालय भिरुबासमा गत २०७३ कार्तिक १२ मा सम्पन्न भएको छ । "सम्पुर्ण युवा शक्ति जुटौं, सामाजिक रुपान्तरणका लागि अघि बढौं" भन्ने मुल नाराका सम्पन्न साधारण सभा, संस्थाका अध्यक्ष दमन सिंह थापाको अध्यक्षता तथा उपाध्यक्ष देव बहादुर पाटाको स्वागत एवं सचिव ओम बहादुर मस्राङ्गीको संचालनमा भएको थियो । सभामा आर्थिक वर्ष २०७२/०७३ मा सम्पन्न कार्यक्रम तथा परियोजनाहरुको विस्तृत कार्यप्रगति प्रतिवेदन संस्थाका सचिव ओम बहादुर मस्राङ्गीबाट प्रस्तुत भई सर्व सहमती सहित पारित गरिएको छ भने कोषाध्यक्ष चन्द्र बहादुर खण्डलुकबाट आ.व.२०७२/०७३ को जम्मा रु.२,२०,१३,४४०.६८ बराबरको आय व्यय प्रस्तुत सहित स्वीकृत समेत गरिएको छ । सभाले आगामी आर्थिक वर्ष २०७४/०७५ का लागि प्रस्तावित नीति तथा कार्यक्रम संस्थाका व्यवस्थापक रुद्र मस्राङ्गीबाट प्रस्तुत गर्नुको साथै प्रस्तुत नीति तथा कार्यक्रममा आधारीत जम्मा रु.१,१३,५८,७२१.८० एक करोड तेह्रलाख उनान्साठी हजार सातसय एकासी रुपियाँ बराबरको परियोजनागत तथा कार्यक्रमगत वजेट समेत पारित गरिएको छ । सभामा स्थानीय राजनीतिक दल ने.क.पा. एमाले भिरुबास गाउँ कमिटीका अध्यक्ष श्री खुम बहादुर ढेंगा, नेपाली काँग्रेसका प्रतिनीधि श्री पदम बहादुर खण्डलुकले सभाको सफलताको कामना सहित कार्यप्रगतिको प्रशसा गरिएको थियो भने भिरुबास गा.वि.स. सचिव इवनारायण बश्याल, संस्थाका सल्लाहकार नविन्द्र थापा अन्य अतिथीहरुले मन्तब्य ब्यक्त गरेका थिए । सभामा वर्ष कर्मचारी २०१६ पुरुष तथा महिला तर्फ क्रमशः साना किसान उद्यमी सवलीकरण परियोजनाका परियोजना संयोजक राम बहादुर पाटा तथा सामुदायिक सहजकर्ता खेमौती आलेलाई दोसल्ला तथा प्रशंसा पत्र सहित सम्मान गरिएको छ ।

**थोरै मान्छेले मात्र तिम्रो दुःख बुझ्छन्, बाँकी सबैले त कहानी सुन्न मन पराउँछन् ।**

"सम्वर्द्धन बाल अधिकारको, कार्यन्वयन संविधानको"

**अन्तर्राष्ट्रिय बाल अधिकार दिवस-नोभेम्वर २०**



**महिला हिंसा विरुद्धको १६ दिने अभियानमा आ आफ्नो क्षेत्रबाट सहयोग एवं सहकार्य सहित सहभागी बनौं ।**

अनुरोधकः
इन्द्रेणी समाज केन्द्र, नेपाल



अहंकारले ३ कुराको नाश गर्छ.............................. धन, वैभव र वंश..........................
यसका उदहरण हुन्...............रावण, कौरव र कंश ।

हस्तकला..........



## फोटो ग्यालरी



महिला समूहको साधारण प्रथम सभा ।



हेफर अन्तर्गत, महिला समूहको बैठक बस्दै ।

## स्वाबलम्बन महिला समूहको प्रथम साधारण सभा सम्पन्न

हेफर इन्टरनेशनल नेपाल र मित्याल गाविसको साझेदारीमा इन्द्रेणी समाज केन्द्रद्वारा सञ्चालित साना किसान उद्यमी सवलीकरण परियोजना अन्तर्गत गठन भएको स्वाबलम्बन महिला समूहको प्रथम साधारण सभा गत कात्तिक ६ गते सम्पन्न भएको छ । सभा तदर्थ समितिका अध्यक्ष श्री झममाया सुनारीको अध्यक्षता र गा.वि.स. सहायक श्री सहविर खन्गाहाको प्रमूख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा नेपाली काँग्रेसका सभापति श्री लाल बहादुर सोती, नेकपा एमालेका प्रतिनिधि श्री सन्तवीर सुनारी, नेकपा माओवादी केन्द्रका अध्यक्ष श्री भुपिन्द्र सुनारी, मित्याल स्वास्थ्य चौकीका इनचार्ज श्री मुंगरीलाल कोहार, इलाका प्रहरी कार्यालय इन्चार्ज श्री टेकबहादुर ठेंडी मगर, समाजसेवी श्री तासबहादुर कालुङ्ग, समाजसेवी श्री पदमबहादुर खाम्चा लगायतले संस्थाको सफलताको शुभकामना दिएका थिए । कार्यक्रममा बोल्ने वक्ताहरुले महिला सहकारी, महिलाहरुको लागि उपयुक्त अवसर भएको भन्दै यसलाई सबै तह र तप्काबाट सहयोगको गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रम तदर्थ समितिका सचिव तिर्सना खन्गाहाको सञ्चालनमा चलेको थियो । भेलाले श्री लालबहादुर सोतीको संयोजकत्वमा ३ जनाको निर्वाचन मण्डल समिति गठन गरिएको थियो । समितिले रमा सुनारीको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा समिति चयन गरेको छ । सञ्चालक समितिमा अध्यक्ष रमा सुनारी, उपाध्यक्ष मिना सुनारी, सचिव तिर्सना खन्गाहा, कोषाध्यक्ष खुमीसरा ठाडा, सदस्यहरुमा मिनीसरा सोमै, दुमीसरा जर्घा, रिमाया खाम्चा, शान्तिसरा गाहा र भिमीसरा सोमै रहनुभएको छ भने लेखा समितिमा संयोजक हुमीसरा खाम्चा तथा सदस्यहरुमा जस्मौती सारु र बानीसरा सारु रहनुभएको छ ।

## खसी बोका बजारीकरण सम्बन्धि कार्यशाला सम्पन्न

हेफर इन्टरनेशनल नेपाल, मित्याल र गल्धा गाउँ विकास समितिको साझेदारीमा इन्द्रेणी समाज केन्द्र, नेपालद्वारा सञ्चालित साना किसान उद्यमी सवलीकरण परियोजनाले मित्याल र गल्धा दुबै गाृउँ विकास समितिमा खसी बाख्रा बजारीकरण सम्बन्धि कार्यशाला सम्पन्न गरेको छ । गत कात्तिक २९ र ३० गते सञ्चालन गरेको दुवै कार्यक्रम इन्द्रेणी समाज केन्द्रको कार्यकारिणी सचिव श्री ओमबहादुर मश्राङ्गीको अध्यक्षता र हेफर इन्टरनेशनल क्षेत्रिय कार्यालय पोखराका कार्यक्रम अधिकृत श्री शोभाखर न्यौपानेको प्रमूख आतिथ्यमा सम्पन्न भएको हो । कार्यक्रममा सहकारी मार्फत खसी बोकाको बजारीकरण, जिउँदो तौल मूल्य कायम साथै सहित जिउँदो मूल्य निर्धारणको लागि एक एक वटा खसी हेरेर अन्दाज एवं मोलमोलाई साथै जिउँदो तौलपछि मासुको तौल अभ्यास गरिएको थियो । अभ्यास गरि हेर्दा जिउँदोको मूल्य सरदर प्रतिकेजी रु. ३२५ देखिएको छ । यसले किसानलाई स्थानीय भाउमा कुनै मर्का नपर्ने आधार बनेको पाइयो । उक्त कार्यक्रमको सहजीकरण प्रमूख अतिथि शोभाखर न्यौपानेले गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन इन्द्रेणी समाज केन्द्र, नेपालका सामुदायिक सहजकर्ता नरबहादुर सुनारी र कार्यक्रम संयोजक रामबहादुर पाटाले गर्नुभएको थियो ।




२२औं साधारण सभा, एक झलक ।



खसी बोकाको तौल अभ्यास गरिदैं ।

©सर्वाधिकार: इन्द्रेणी समाज केन्द्र नेपालमा सुरक्षित